बैठक संख्या -४३

आज मिति २०७७१०।०५ गतेको दिन यस उत्तरगया गाउँपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यूको अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी तपशिलका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मतीबाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री उपेन्द्र लम्साल | अध्यक्ष |
| श्री चमेली गुरुङ | उपाध्यक्ष |
| श्री बम बहादुर तामाङ | वडा अध्यक्ष |
| श्री खुवा बहादुर गुरुङ | वडा अध्यक्ष |
| श्री लाल बहादुर तामाङ लामा | वडा अध्यक्ष |
| श्री केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| श्री इश्वर थापा | वडा अध्यक्ष |
| श्री शान्ता गलान | सदस्य |
| श्री कृष्ण कुमारी नेपाली | सदस्य |
| श्री सिता भट्ट | सदस्य |
| श्री विन्दा रैला | सदस्य |
| श्री ज्ञानु विक | सदस्य |
| श्री तिर्थ बहादुर घले | सदस्य |
| श्री अर्जुन खड्का | सदस्य सचिव |

Scanned with CamScanner

**प्रस्तावहरु**

प्रस्ताव नं. १ प्रदेश सरकारबाट शर्शत बजेट शिर्शकमा वडा नं. ५ मा सामुदायीक भवन निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ घलेगढी कमेरेगढी पर्यटकीय क्षेत्र संरक्षण तथा विकास र उत्तरगया खेलकुद मैदानको बोलपत्र आवाहन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ गाउँपालिकाको ९ औ गाउँसभामा उपस्थित जनप्रतिनिधीलाई लजेष्टीक सामाग्रीहरु वितरण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं ४ पंजिकरण तालिम सम्बन्धमा ।

प्रस्ताव नं ५ क्यान्टिन सञ्चालन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ मेडपा कार्यक्रमको वार्षिक कार्ययोजना सम्बन्धमा ।

प्रस्ताव नं. ७ कोभिड अस्पताल सम्म पुग्न ट्रयाक ओपन गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ८ करार कर्मचारीको म्याद थप सम्वन्धमा ।

प्रस्ताव नं. ९ भुमेस्थानमन्दिरको निर्माण सम्वन्धमा ।

प्रस्ताव नं. १० कार्यविधी स्विकृत गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. ११ घ वर्ग को निर्माण ईजाजतपत्र सम्वन्धमा ।

प्रस्ताव नं. १२ तमु ल्होसार  आर्थिक सहायता सम्वन्धमा ।

प्रस्ताव नं. १३ आर्थिक सहायता  सम्वन्धमा ।

प्रस्ताव नं. १४ झोलुङ पुलको लागत साझदारी गर्ने  सम्वन्धमा ।

प्रस्ताव नं. १५ भलिवल प्रतियोगितामा सहभागिताको लागि आर्थिक सहयोग गर्ने सम्वन्धमा ।

प्रस्ताव नं. १६ जनप्रतिनधिलाई दिईने इन्धन सुविधा सम्वन्धमा ।

Scanned with CamScanner

निर्णयहरु

**निर्णय नं. १ प्रस्ताव नं. १** माथि छलफल गर्दा प्रदेश सरकारबाट शशर्त वजेट शिर्षकमा यस गाउँपालिका ५ नं. वडा अर्न्तगत सामुदायीक भवन निर्माण गर्न रु. २५,००,०००।–(पच्चिस लाख) विनियोजन भई वजेट रकम प्राप्त भएकोमा, वडा नं. ५ स्थित श्री कालिका बहुदेश्यीय सहकारी संस्थाको कार्यालय भवन यस गाउँपालिकासँग लागत साझेदारी गरी एक तल्लाको भवन निर्माण भएको र हाल प्रदेश सरकारबाट प्राप्त भएको उक्त रकमबाट भवनको निर्माण गर्ने सर्न्दभमा, सोही एक तल्ले भवनमा तल्ला थप गरी उपभोक्ता समितिबाट सामुदायीक भवन बनाउने र उक्त कार्य गर्न/गराउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. २ प्रस्ताव नं २** माथि छलफल गर्दा संघीय सरकारको विशेष वजेट खर्च शिर्षक अर्न्तगत घलेगढी कमेरेगढी पर्यटकीय क्षेत्र संरक्षण तथा विकास योजना बहुवर्षे कार्यक्रममा रकम प्राप्त भएको र सो कार्यक्रममा कुल रकम २ करोड मध्ये आ.व. ०७६/०७७ मा एक करोड निकासा भएकोमा, कोभिडको कारण कार्य सम्पन्न गर्न नसक्दाँ उक्त रकम फ्रिज भएको र हाल निकासा भएको रकम रु.७५,००,०००।– (पचहत्तर लाख) को मात्र लागत ईस्टिमेट बनाई ई विडबाट कार्य प्रकृया अगाडी बढाउने त्यस्तै उत्तरगया खेलकुद मैदान निर्माण गर्न बहुवर्षे योजना स्वीकृत भएकोमा, यस योजनाको कुल बजेट ५ करोड मध्ये आ.व. ०७६/०७७ मा एक करोड पचास लाख रकम निकासा भएको तर कोभिडको कारण कार्य सम्पन्न गर्न नसकी रकम फ्रिज भएको सर्न्दभमा, हाल निकासा भएको रकम रु. १,२५,००,०००।– (एक करोड पच्चिस लाख) को मात्र लागत ईस्टिमेट बनाई ई. विडबाट कार्य प्रकृया अगाडी बढाउने र उक्त खेदकुद मैदान यस गाउँपालिका रहेको स्थान उत्तरगया ५ खाल्टे (बगर) मा निर्माण गर्ने र यस कार्यलाई यथाशिघ्र अगाडी बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ३ प्रस्ताव नं ३** माथि छलफल गर्दा गाउँसभामा उपस्थित हुने जनप्रतिनिधीहरुलाई लजिस्टक सामाग्रीहरु (झोला, डायरी र पायलट पेन एक एक थान) वितरण गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ४ प्रस्ताव नं ४** माथि छलफल गर्दा, राष्ट्रिय परिचय तथा पंजिकरण विभागबाट शर्शत वजेट शिर्षकमा बजेट अपुग वा कार्यक्रम गर्न नमिलेमा, यस गाउँपालिकाबाट तालिम शिर्षकमा विनियोजन भएको रकमबाट पंजिकरण सम्बन्धीको तालिममा वडा अध्यक्ष, वडा सचिव, कार्यालय सहायक र सम्बन्धित शाखाका

Scanned with CamScanner

कर्मचारीहरुलाई तालिम दिनको लागि आवश्यक प्रक्रिया बढाउन गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने गरियो ।

**निर्णय नं ५ प्रस्ताव नं ५** माथि छलफल गर्दा, यस गाउँपालिकाको परिसर भित्र निर्माण भएको क्यान्टिनमा किचेन स्ल्याव, पानी, बत्ती,बस्ने डेस्क वेन्च नभएकोले उक्त कार्य गर्न सोही योजनामा कट्टा भएको कन्टिजेन्सीबाट निर्माण कार्य गर्ने र उक्त क्यान्टिनको निर्माण कार्य सम्पन्न भए पछी क्यान्टिन सञ्चालन गर्न सूचना आवह्रान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ६ प्रस्ताव नं ६** माथिछल फल गर्दा, उत्तरगया गाउँपालिका उद्यम विकास समितिले मिति २०७७/०९/०९ गते स्वीकृत गरेको वार्षिक कार्ययोजनालाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ प्रस्ताव नं ७** माथि छलफल गर्दा, यस कोभिड अस्थायी अस्पताल सम्म पुग्न कुनै मोटरेवलबाटो नभएकोले मोटरेवलबाटोको ट्र्याक खुलाउन आवश्यक रकम विनियोजनको लागि गाउँसभामा लैजाने निर्णय गरियो ।

**निर्णय नं ८ प्रस्ताव नं ८** माथि छलफल गर्दा यस गाउँपालिका र अर्न्तगत कार्यरत सबै करार कर्मचारीहरुको मिति २०७७ पौष ०१ गते देखि आषाढ मसान्त सम्म करार सम्झौता थप गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं ९ प्रस्ताव नं** ९ माथि छलफल गर्दा, उत्तरगयागाउँपालिका वडा नं. ३ ठुलोगाउँमा अवस्थित भुमेस्थान ~~मन्दिरको निर्माण~~ कार्य गर्नका लागि २ लाख साझेदारी शिर्षकबाट रकम विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १० प्रस्ताव नं १०** माथि छलफल गर्दा, यस गाउँपाकिाको लागि तयार पारेको लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं ११ प्रस्ताव नं ११** माथि छलफल गर्दा, समितिको सिफरिस अनुसार तिरु कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. र जयश्वर निर्माण सेवा प्रा.लि. लाई घ वर्गको निर्माण इजाजत पत्र प्रदान गर्न गाउँकार्यपालिकाको कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं १२ प्रस्ताव नं १२** माथि छलफल गर्दा, यस गाउँपालिका अर्न्तगत वडा नं ३ को पैरेगाउँ र ठुलोगाउँमाहुने तमु ल्होसार कार्यक्रम संचालनको लागि स्विकृत वार्षिक कार्यक्रम धर्मसंस्कती सम्बन्धी शिर्षकबाट क्रमश चालिस हजार का दरले ८०,०००।– सम्म खर्च गर्न स्विकृत दिने निर्णय गरियो ।

**निर्णय नं १३ प्रस्ताव नं १३** माथि छलफल गर्दा, यस गाउँपालिका वडा नं. ५ स्थित श्री निलकण्ठ मा. वि. मा अध्ययनरत छात्रा श्री सुस्मिता तामाङलाई उपचार खर्च वापत रु. ५० हजार सम्म आर्थिक सहायता दिने निर्णय गरियो ।

Scanned with CamScanner

**निर्णय नं १४ प्रस्ताव नं १४** माथि छलफल गर्दा, यस उत्तरगया गाउँपालिका वडा नं. २ र ३ जोडने निम्सो खोला झोलुङ्गे पुल निर्माण गर्न पूर्णिमा कार्यक्रमसँग साझेदारीको लागि लागत अनुमानको परामर्श सेवाबाट ६ प्रतिशत र साझेदारी कार्यक्रमबाट ७ प्रतिशत खर्च गर्ने निर्णय गरियो ।

**निर्णय नं १५ प्रस्ताव नं १५** माथि छलफल गर्दा, यस उत्तरगया गाउँपालिकाको तर्फबाट प्रतिनिधित्वगर्दै चिलिमे जलविद्युत आयोजनाको आयोजनामा सञ्चालन हुन गहिरहेको भलिबल प्रतियोगितामा सहभागी हुन अनुमानित रकम रु. ७० हजार लाग्ने तर यस गाउँपालिकामा सो शिर्षकमा बजेट नभएकोले हाल सो कार्यक्रममा खेलाडीहरुलाई सहभागी हुन पठाउने पछि गाउँसभाबाट बजेट विनियोजन गरी सम्बन्धीत खेलाडीलाई आर्थिक सहायता वापत बढिमा रु.७०,०००।– सम्म भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं १६ प्रस्ताव नं १६** माथि छलफल गर्दा प्रदेश सरकारबाट वडा अध्यक्षहरुलाई मासिक रुपमा २० लिटर ईन्धन र १ लि मोबिल उपलब्ध गराउने कानुन निर्माण भई कार्यान्वयन भइरहेकोमा, कानुनले तोकेको परीमाण बराबरको बिल पेश भएमा विल बमोजिम वा विल पेश नभएमा तोकिएको इन्धन परिमाणको अनुमानित मुल्य इन्धन प्रति लिटर रु.१००।– र मोबिल प्रतिलिटर रु.५००।– का दरले बढिमा मासिक रु. २,५००।– सम्म इन्धन र मोबिल वापतको रकम भुक्तानी दिने निर्णय गरियो ।

Scanned with CamScanner